स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




राजनीति र फिल्म क्षेत्रमा दोस्ती र दुश्मनी दिगो हुँदैन भनिन्छ । घाँटी जोडेर हिँडेकाहरु क्षणभरमै दश्मन बनेका र वर्षौंदेखि पानी बाराबारको सम्बन्ध रहेकाहरु घनिष्ट मित्र बनेका कयौं उदाहरण छन्। अभिनेत्रीद्वय पूजा शर्मा र सुष्मा कार्कीको सम्बन्ध हेर्दा पनि यो छर्लङ्ग हुन्छ । कुनै बेला एकअर्काको नाम समेत सुन्न नचाहने उनीहरु यतिबेला गाला जोडेर टिकटक बनाउन थालेका छन् ।

**आजको विचार...**



संघीयताको...
(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



भनिन्छ, "हरेक १० वर्षमा फिल्म क्षेत्रले नयाँ अनुहार खोज्छ ।" नेपाली फिल्म क्षेत्रमा यो देखिएको पनि छ । राजेश हमाल, भुवन केसी, शिव श्रेष्ठको उदय भएको लगभग १० वर्षपछि निखिल उप्रेती, विराज भ जस्ता एक्सन नायक जन्मिए । त्यसको १० वर्षपछि राजबल्लभ कोइराला, आर्यन सिग्देल, जीवन लुइँटेलको उदय भयो । यो पुस्तापछि आएका सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, अनमोल केसी, प्रदीप खड्काको करिअरले पनि १० वर्षको अवधि पूरा गरिसकेको छ ।

❒ वर्ष ३० ❒ अंक ९३ ❒ २०८१ कार्तिक ६ गते मंगलबार 22 October 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# दुना–टपरीले फेरिएको दैनिकी

## आत्मनिर्भर बन्दै काजीपौवाका महिला

**संगीता आचार्य**

**पाल्पा,** कार्तिक ५/तानसेन नगरपालिका-३ काजीपौवाकी मिनु रोकाहालाई विगतमा दिन बिताउन निकै गाह्रो थियो । घरमा यतिकै बस्दा समय बिताउन गाह्रो हुँदा मोबाइलमा भिडियो हेरेर बस्थिन् । हिजोआज उनको दैनिकी फेरिएको छ । दिन कसरी बिताउने भन्ने चिन्ता पनि हरायो । उनी अहिले हरेक दिन काजीपौवामा रहेको दुना-टपरी उद्योगमा बिताउँछिन् । अचेल उनलाई उद्योगमा महिलाहरुसँग गफिँदै टपरी बन्दाबुन्दै समय बितेको पत्तै हुँदैन । 'बिहान-बेलुका घरको काम गरेर दिउँसो दुना-टपरी बनाउन उद्योगमा आउन्छु, अहिले समय गएको पत्तो हुँदैन' रोकाहाले भनिन् । खाली समयको सदुपयोग मात्र भएको छैन् घरखर्च चलाउन अरुसँग आस गर्नु पनि नपरेको उनले सुनाईन । रोकाहाले भनिन्' उद्योगमा काम गर्न लागेदेखि आफुको लागि आवश्यक पर्ने साना तिना सामानहरु किन्नको लागि कसैको आश गर्न परेको छैन, यहींको कमाइले गुजारा चलेको छ ।' सिता केसीको दैनिकी पनि सामान्य घरको काम बाहेक अरु समय मोवाइल हेरेरै बित्थ्यो । आजभोली दुना- टपरी उद्योगमा बसेर काम गर्न थालेपछि दिन वितेकै थाहा नहुने उनको भनाई छ । उनले भनिन्, 'दिनदिनै मोबाइल चलाउँदा आँखा दुख्ने, टाउको दुख्ने हुन्थ्यो, दिनभर घरमा बस्दा बस्दा दिक्क लाग्ने गर्थ्यो, अहिले यहाँ (उद्योगमा) धेरै महिला दिदी बहिनीहरु आउँछन्, उनीहरुसँग कुराकानी गरेर टपरी बुन्छु, दिन बितेको थाहै हुँदैन, मेरो लागि त दिन बिताउने आधार बनेको छ, आम्दानी पनि हुन्छ ।' जिल्लाका विभिन्न स्थानहरुबाट टपरी-दुनाको लागि सस्तो मूल्यमा पातहरु ल्याएर दिउँसोको समयमा दुना टपरी बनाई विभिन्न ठाउँमा पठाउने गरेको केसीले बताईन् । दुना-टपरी बनाउने चलन हराउँदै जाँदा संस्कृति समेत मेटिन लागेकाले आफुहरु जर्गेना गर्न लागि परेको हरीकला रानाको भनाई छ । कतिपय नयाँ पुस्तामा दुना, टपरी बनाउने चलन थाहा नभएको अर्की महिला मन रानाले बताईन् ।



५ वर्ष अघि काजिपौवा बहुउश्द्धेयीय महिला समूहले सञ्चालन गरेको दुना-टपरी उद्योगमा महिलाहरु भेटिन्छन् । उद्योगमा केही महिलाहरु टपरी बनाइरहेका भेटिन्छन् त कोही सिन्का चिरिरहेका हुन्छन् । उद्योगले महिलालाई स्वरोगार त बनाएको छ नै आत्मनिर्भरसमेत बनाइरहेको छ । उद्योग सञ्चालनमा आएको छोटो समयमै दुनाटपरीको माग बढ्न थालेपछि महिलालाई अहिले भ्याइनभ्याइ छ । उद्योग सञ्चालनमा आएपछि वनमा खेर गएका सालका पातले पनि बजार पाउन थालेको छ । महिला दिदीबहिनीहरुलाई आयआर्जनसँग जोड्न र हराउँदै जान थालेको दुना- टपरी बनाउने चलनलाई कायम राख्न उद्योग सञ्चालनमा ल्याइएको उद्योगकी अध्यक्ष चमेली श्रेष्ठले बताइन् । उनले चुलोचौकोमा मात्र सिमित महिलाहरु अहिले आत्मनिर्भर बन्दै गएको उल्लेख गरिन । उद्योग सञ्चालनमा आएपछि वनमा खेर गइरहेको सालको पातको सदुपयोग समेत भएको उनको भनाई छ ।

तानसेन नगरपालिका, ग्रामीण आर्थिक विकास संघ (रेडा) र युएनडीपीको सहयोगमा ठूला टपरी बनाउने मेसिन र सानो टपरी बनाउने मेसीन पाएको अध्यक्ष श्रेष्ठले बताइन् । उनले डिभिजन वन कार्यालय पाल्पाको सहयोगमा १ लाख बराबरको उद्योगका लागि आवश्यक सामाग्रीहरु समेत अनुदानमा पाएको उल्लेख गरिन् । २०७७ मंसिर १५ गते ४० जना मिलेर समूहमा उद्योग खोलिएको थियो । अहिले यहाँ ५ जना महिना मात्र सक्रिय रुपमा लागिरहेका छन् । यहाँ तयार गरिएका दुना-टपरी पाल्पासहित बाहिर पनि पुऱ्याउने गरिएको छ । साईज अनुसार दुई रुपैयाँदेखि १० रुपैयाँसम्म दुना- टपरी विक्रि हुँदै आएको छ । सालको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढंगले उत्पादन गर्न थालिएको हो । धार्मिक कार्यका लागि दुनाटपरी महत्वपूर्ण मानिन्छ ।

## सक्षिप्त समाचार

### डुङ्गा डुब्दा ११ जनाको मृत्यु



**(रासस/एएफपी)**

**याङ्गुन,** कात्तिक ५/म्यान्माको दक्षिणी तटमा अन्डमान सागरमा करिब ३० जना बोकेको डुङ्गा डुबेपछि उद्धारका लागि खटिएका उद्धारकर्ताहरूले एघार वटा मृत शरीर पानीबाट बाहिर निकालेका छन् भने बाँकी वेपत्ता रहेको एक स्थानीय बासिन्दाले सोमबार बताएका छन् ।

दक्षिणी तानिन्थारी क्षेत्रको क्याउक कर गाउँका एकजना भिक्षुले नाम नबताउने सर्तमा भने "हामीले आइतबार राति १० वटा र सोमबार बिहान एउटा शवलाई पानीबाट बाहिर निकालेका छौँ।" भिक्षुका अनुसार डुङ्गामा अधिकांश विद्यार्थीहरू थिए उनीहरु दुई हप्ताको बिदापछि गाउँबाट म्येइक सहर फर्किरहेका थिए । "डुङ्गा अत्यधिक भारमा कारण डुबेको जनाइएको छ । स्थानीयहरूले मृत शरीरको पहिचान गरी दाहसंस्कार गरिसकेका छन् भने स्थानीय तथा उद्धार टोलीहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन् । म्यान्मामा समुद्र तट र नदीहरूमा डुङ्गालाई आवतजावतका लागि यातायातको साधनको रूपमा प्रयोग गर्ने गरिन्छ । डुङ्गा दुर्घटनाका कारण म्यान्मामा असामहिक मृत्यु हुने जोखिम पछिल्लो समय बढेको देखिन्छ । समुद्रमा हुने यस्ता दुर्घटनामा पर्नेहरूको विरलै रूपमा सकुशल उद्धार हुने गरेको छ ।



## पाल्पा उद्योग वाणिज्य संघको नापतौल सम्बन्धी यन्त्रहरुको जाँच, नविकरण तथा नयाँ दर्ता सम्बन्धी सूचना

नापतौल सम्बन्धी यन्त्रहरुको जाँच हुने मिति,समय र स्थान:

**१. २०८१ कार्तिक ७ गते बुधबार**
बिहान १० बजेदेखि पाल्पा उद्योग वाणिज्य संघको सचिवालय भगवतीस्थान, तानसेन

**२. २०८१ कार्तिक ८ गते बिहीबार**
बिहान ९ बजेदेखि आर्यभञ्ज्याङ्ग बजार, बगनासकाली गाउँपालिका
दिनको १ बजेदेखि ताहुँ बजार, रम्भा गाउँपालिका
दिनको ४ बजेदेखि हुँगी पल्टार बजार, रम्भा गाउँपालिका

**३. २०८१ कार्तिक ९ गते शुक्रबार**
बिहान ९ बजेदेखि छहरा बजार, रैनादेवी छहरा गाउँपालिका
दिनको १ बजेदेखि हार्थोक बजार, रिब्दीकोट गाउँपालिका
दिनको ४ बजेदेखि अर्गली बजार, तानसेन-१४

**४. २०८१ कार्तिक १० गते शनिबार**
बिहान ९ बजेदेखि बर्तुङ्ग, तानसेन-६
बिहान १२ बजेदेखि प्रभास, तानसेन-७
दिनको २ बजेदेखि सराई, माथागढी गाउँपालिका

| सहयोगी | समन्वय | आयोजक |
|---|---|---|
| -तानसेन नगरपालिका कार्यालय, | पाल्पा उद्योग वाणिज्य संघ तानसेन, पाल्पा | गुणस्तर तथा नापतौल बुटवल |
| -बगनासकाली गाउँपालिका | सम्पर्क : ०७५-५२०१३३ | |
| -रम्भा गाउँपालिका | ५२१३२५ | |
| -रैनादेवी छहरा गाउँपालिका | ५२११६४ | |
| -रिब्दीकोट गाउँपालिका | मोवाईल : ९८५७०६८३२५ | |
| -माथागढी गाउँपालिका | | |


## पाल्पामा खुला भलिबल: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सहभागी हुने

**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक ५/पाल्पामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल खेलाडीहरुबिच प्रतिष्प्रर्धा हुने भएको छ । राष्ट्रियस्तरमा चर्चा कमाएको मण्डली स्पोर्टस क्लव पूर्वखोला -१ सिलुवाको आयोजनामा हुन लागेको खुला क्लवस्तरीय पुरुष तथा महिला भलिवल प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल खेलाडीहरुबिच प्रतिष्प्रर्धा हुने भएको हो ।




स्पोर्टस क्लवले यहि आउँदो कार्तिक २१ गते देखी २४ गते सम्म आठौं मण्डली कप २०८१ सञ्चालन गर्न लागेको छ । प्रतियोगितामा क्लवहरुमार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय भलिवल खेलाडीहरुको सहभागिता रहने छ । क्लवमार्फत जुनसुकै स्थानका खेलाडीहरु पनि प्रतियोगितामा प्रतिष्प्रर्धाको अवसर पाउने क्लवका अध्यक्ष एव भलिबलका राष्ट्रिय रेफ्री अन्त प्रसाद श्रेष्ठले बताए । प्रतियोगितामा विभागिय टोली बाहेक अन्य जुनसुकै क्लवहरुले पनि प्रतिष्प्रर्धा गर्न पाउने र विभागिय क्लवका खेलाडीहरु पनि अन्य क्लवमार्फत प्रतियोगितामा सहभागी हुन पाउने स्पोर्टस क्लवका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

प्रतियोगितामा पुरुष तर्फ ६ वटा क्लव र महिलातर्फ ४ वटा क्लवको सहभागिता रहने छ । प्रतियोगितामा १४ वटा खेल हुने छन् । पुरुष भलिबल प्रतियोगितातर्फ प्रथम हुनेलाई नगद १ लाख ५० हजार, कप, मेडल र प्रमाणपत्र द्धितिय पुरस्कार नगद १ लाख कप, मेडल र प्रमाणपत्र तृतिय पुरस्कार नगद ७० हजार कप, मेडल र प्रमाणपत्र, सान्तवना पुरस्कार नगद ३५ हजार कप, मेडल र प्रमाणपत्र, वेष्ट प्लेयरलाई ५ हजार, वेष्ट स्पाईकर २ हजार, वेष्ट डिफेन्सर २ हजार, वेष्ट सेटर २ हजार, वेष्ट सर्भर २ हजार, वेष्ट ब्लकर २ हजार पुरस्कार रहेको क्लवका सचिव कृष्ण प्रसाद पंगेनीले बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भ्रष्टाचारको जालो तोडौं

मुलुक भ्रष्टाचारले आक्रान्त बनेको छ । स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म नै भ्रष्टाचारको जालो फैलिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रपछि तीन तहका सरकार निर्माण भए । ति सरकारले सुशासन, विकास र समृद्धि ल्याउने आशा आम नागरिकमा थियो तर त्यसो हुन सकेन् । तीन तहका सरकारले सुशासनको सट्टा भ्रष्टाचारको उपहार जनतालाई दिएका छन् । तीनवटै सरकार मिलेर आम जनतालाई प्रभावकारी सेवा दिने, मुलुकमा सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्य गर्नुपर्नेमा त्यसो गर्न नसक्नु दुखद् हो । व्याप्त भ्रष्टाचारले जनतामा निराशाको ग्राफ बढ्न पुगेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष २०८०/८१ मा संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायमा गरी २०१ वटा भ्रष्टाचार मुद्दा दायर गरेको छ । सो अवधिमा तीनवटै सरकारमा गरी भ्रष्टाचारका २५ हजार बढी उजुरीसमेत परेका छन् । यसले पनि के प्रष्ट हुन्छ भने तलदेखि माथिसम्म नै भ्रष्टाचारको जालो झाँगिएको छ । यो आफैंमा दुर्भाग्यपूर्ण छ । भ्रष्टाचार गर्नेहरुलाई राजनीतिक संरक्षण हुँदा जालो झन भन्दा झन झाँगिदै गएको हो । सदाचारको अभाव देशमा छ । यो न सत्तामा पुग्नेहरुमा छ, न त प्रतिपक्षमा बस्नेहरुसँगै नै । आफूलाई फाइदा हुँदा भ्रष्टाचारको संरक्षण गर्ने, फाइदा नहुँदा विरोध गर्ने प्रवृत्ति राजनीतिक दलमा छ । विपक्षीमा रहँदा भ्रष्टाचारविरुद्ध चर्को स्वर गर्ने सत्तामा पुगे पछि किन मौन बस्छन् ? यसतर्फ समाज र जनता समेत सचेत हुनुपर्छ ।

मुलुकमा भ्रष्टाचार न्यूनीकरण गर्न सबैभन्दा पहिला राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व आफैं सच्चिनुपर्छ । राजनीतिमा भ्रष्टाचार कम हुनेबितिकै अन्य सबै क्षेत्रका भ्रष्टाचारमा स्वत: कमी आउँछ । राजनीतिक नेतृत्वले भ्रष्टाचार नगर्ने हो भने प्रशासन संयन्त्र भ्रष्टाचार गर्न डराउँछ । त्यसैले राजनीतिक नेतृत्व सुशासनप्रेमी आउनासाथ त्यसको सकारात्मक असर सुशासनलगायत सबै क्षेत्रमा पर्छ । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वमा कुनै सुधार नआउने र सधैं भ्रष्टाचारमा मात्रै लिप्त हुने अवस्था आइरह्यो भने देश पूर्णतय असफल राष्ट्र बन्न सक्ने सम्भावना रहन्छ । त्यसैले त्यस्तो अवस्था आउन नदिन र सबैखाले भ्रष्टाचारको जालो तोड्न राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व सच्चिएर अघि बढ्नुको विकल्प छैन ।

### Opinion @ Social Network

ए हजुर, अनुहार कलिलो भएर केही हुदोरहेनछ,
परिवारको जिम्मेवारी बोक्ने काद बलियो हुनुपर्दो रहेछ ।
(*सुजन रानाको फेसबुक स्टाटस* https://www.facebook.com/rana.sujan)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीयताको बलियो आधार आपसी समझदारी



डा. गणेशप्रसाद घिमिरे

***महाभारतको युद्ध समापन भएपछि हस्तिनापुरको शासकीय व्यवस्था पाण्डवको जेष्ठपुत्र युधिष्ठिरको जिम्मामा गयो । उनले शासन व्यवस्था सञ्चालनमा आनाकानी गरे । शासन चलाउन सजिलो पनि छैन । यति ठूलो युद्धबाट पाएको व्यवस्था र गणतन्त्रलाई मैले सहज तरिकाले चलाउन सक्दिन कि ? भन्ने चिन्ता उनलाई लागि रह्यो ।***

हाम्रो देशको शासन व्यवस्था गणतन्त्रात्मक हो । गणतन्त्रमा प्रवेश गरेको पनि दुई दशक हुन लागिसक्यो । हामीले शासन व्यवस्थामा जे जति विकासका चरणहरू पार गरेका छौं, त्यसमा हामी नेपाली र नेपालका राजनीतिक दलको महत्वपूर्ण भूमिकालाई नकार्न सकिँदैन । उनीहरूको जनताप्रतिको आस्था तथा अन्यायपूर्ण शासन व्यवस्थाप्रतिको असन्तोष नै गणतन्त्रको बलियो आधार हो । यही आधारमा टेकेर आजको शासन व्यवस्थाका हरेक अंग गणतन्त्रामक बनेर अघि आएका छन् । यो शासकीय पद्दति संसारकै सबैभन्दा गतिलो शासन पद्दति पनि हो । शासनमा बसेका व्यक्तिबाट शासन व्यवस्थाका हरेक अंगमा निकै सुधारका खाँचो देखिएको छ । व्यवस्थाले मात्र देशको विकास र उन्नतिमा आमूल परिवर्तन ल्याउन सक्दैन । आमूल परिवर्तनका लागि आवश्यक कानुन र कानुनका हरेक सन्दर्भमा परिवर्तन वाञ्छनीय रहेको देखिन्छ । देशको पहिचान उक्त व्यवस्थाका सञ्चालकमा निर्भर रहेको हुन्छ ।

महाभारतको युद्ध समापन भएपछि हस्तिनापुरको शासकीय व्यवस्था पाण्डवको जेष्ठपुत्र युधिष्ठिरको जिम्मामा गयो । उनले शासन व्यवस्था सञ्चालनमा आनाकानी गरे । शासन चलाउन सजिलो पनि छैन । यति ठूलो युद्धबाट पाएको व्यवस्था र गणतन्त्रलाई मैले सहज तरिकाले चलाउन सक्दिन कि ? भन्ने चिन्ता उनलाई लागि रफयो । भाइ र कृष्णको सहयोगमा युद्ध जितेका उनले सबै श्रेय कृष्णलाई नै सुम्पेका थिए । कृष्णका माध्यमबाट महाभारमा सफलता पाएका उनले सबै शासन सञ्चालनका आधार भने भीष्म पितामहबाट पाएका थिए । शासन व्यवस्था सहरमा मात्र होइन । ग्रामवासी पनि शासन व्यवस्थाका अधिकारी हुन् । उनीहरूको व्यवस्थापकीय पक्षलाई हामीले कहिल्यै पनि बिर्सनु हुँदैन । त्यसैले गाउँको विकास उन्नति नै शासन व्यवस्थाको गतिलो आधारबीज पनि हो । यही आधारमा टेकेर शासन चलाउने हो भने शासकीय पद्धति गतिशील हुने तर्कलाई उनले राखेको देखिन्छ । गाउँको विकासबाट शहरको विकास भएको तथ्यलाई महाभारतले बाहिर ल्याएको छ ।

**गाउँको शासन**

गाउँको आधार गाउँले हुन् । उनीहरूको जीवनयापन कष्टकर हुने गरेको हुन्छ । गाउँले जीवनमा रमाएका जनतालाई शासकले सही निर्देशन र बाँच्ने आधार दिनु अनिवार्य मानिएको हुन्छ । भीष्म युधिष्ठिरलाई भन्छन् विभिन्न गाउँका सदस्यका माधध्यमबाट शासकीय पद्धतिको विकास गर्नु आवश्यक मानिएको हुन्छ । गाउँको विकासका सक्रिय भूमिका रहने व्यक्ति नै गाउँको अधिपति मानिएको हुन्छ ।

***ग्रामस्याधिपति: कार्यो दशग्राम्यास्तथा पर:***
***द्विगुणाया: शतस्यैवं सहस्रस्य च कारयेत् ।।***

एक गाउँको, दश गाउँको, बीस गाउँको, सय गाउँको तथा हजार गाउँको भिन्नभिन्न अधिपति बनाउनु आवश्यक मानिन्छ । यही होइन र गणतन्त्र । कति राम्रो शासन व्यवस्था महाभारतमा पनि । आज हामी वडा, गाउँ, नगर, उपमहानगर, महानगरमा विभाजित शासकीय व्यवस्थाका सञ्चालक बनेर रहेका छौं । महाभारतकालीन व्यवस्था पनि त्यही नै थियो । गाउँको अधिपति वा अध्यक्ष जो शासनको अधिकारी हो वा शासनको व्यवस्थापक हो उसले आफूभन्दा माथिको गाउँको अधिपतिसित सम्पर्कमा रहेर व्यवस्थालाई सही दिशाबोध गराउन आवश्यक मानिएको थियो । यही व्यवस्थाको पहिचानमा शासकीय पद्धतिले गति लिएको पनि थियो । गाउँको शासक ग्रामाधिपति हो । उसले गाउँबाट पाएको आम्दानीलाई गतिलो तरिकाले व्यवस्थापन गरोस् । गतिलो व्यवस्थापनमा आय भएन भने त्यो नै भ्रष्टाचार मानिने हो । भीष्म भन्छन् :

***यानि ग्राम्याणि भोज्यानि ग्रामिकस्तान्युपाश्रियात्***
***दशपस्तेन भर्तव्यस्तेनापि द्विगुणाधिप: ।।***

गाउँबाट आएको आय गाउँको अध्यक्षले आफूसित राखोस् । उक्त आम्दानीको आवश्यक अंश तलबभत्तामा खर्च गरोस् । उक्त आयबाट बचेको रकम दश गाउँको अध्यक्षलाई हस्तान्तरण गरोस् । यही हो शासनको व्यवस्थापकीय पद्धति पनि । आफूलेमात्र नखाओस् । आफूभन्दा माथिको व्यवस्थापकीय पद्धतिमा पति गाउँको आम्दानीको पठाओस् । यदि यसो भयो भने गाउँका साथै शहरको विकास पनि एकसाथ हुने तर्कलाई यहाँ उल्लेख गरिएको छ । शासनमा सबैभन्दा गणतन्त्रको नमुना यही होइन र ? यो व्यवस्था गाउँदेखि केन्द्रसम्म सहयोगको भावनामा चलेको शासन पद्धति पनि हो । यही पद्धतिका आधारमा गणतन्त्रको व्यवस्थापन विकिसित भएको देखियो । गणतन्त्रमा एक अर्काप्रतिको व्यवस्थापकीय पक्षले शासनमा आफूलाई मात्र सर्वेसर्वा मान्ने पद्धतिको विकास यहाँ देखिएन ।

**हामी चुक्यौं**

हामी गणतन्त्रको सुन्दर शासकीय पद्धतिमा छौं । आधिकारिक रूपमा गणतन्त्रको व्यवस्थापकीय पक्ष जति सुन्दर छ त्यसले देशको विकासलाई गतिशील तुल्याएको पनि छ । हामी पनि गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका तथा प्रदेश र संघीय सरकारको व्यवस्थापकीय पक्षमा शासन सञ्चालन गरिरहेका छौं । हाम्रो देशमा तीन प्रकारका सरकार सञ्चालनमा रहेका छन् । गाउँमा गाउँपालिका प्रमुख, नगर, उपमहानगर र महानगरमा मेयरलाई प्रमुख मानेका छौं । प्रदेशमा मुख्यमन्त्री र संघमा प्रधानमन्त्री प्रमुख हुने व्यवस्थाको व्यवस्थापकीय पाटोमा हाम्रो शासकीय पद्धति गतिशील बनेको देखियो । यो व्यवस्था महाभारतकालीन व्यवस्थाको गाउँको पद्धति पक्कै पनि हो । महाभारतकालीन व्यवस्थामा एक अर्काप्रति सद्भाव र सहयोगको भावना विद्यमान् थियो । हाम्रो शासनमा त्यो पद्धतिको विकासलाई आधार मानिएन । गाउँपालिकाको आम्दानी गाउँलाई तथा नगरको आम्दानी नगरलाई खर्च गर्ने कानुनी व्यवस्था गरियो । यस व्यवस्थाले गाउँ र नगरपति पूर्णरूपमा शक्तिशाली बने । गणतन्त्रात्मक रूपमा आएका नेपाली शासनका शासन पद्धतिमा प्रदेश भने निकै कमजोर देखिए । आजसम्म पनि केन्द्रले प्रदेशलाई अधिकार दिएको छैन । प्रदेशसित यथेष्ठ बजेटको व्यवस्था पनि छैन । प्रदेशका मुख्यमन्त्री केन्द्रसित गुहार मागिरहेका देखिन्छन् सधैं । यो अवस्थाको गणतन्त्रलाई नेपालीले स्वीकार गरेका होइनन् । गणतन्त्रमा गाउँदेखि शहरका जनताको विकास होस् भन्ने चाह सबैको हो तर नेपालको शासकीय पद्धतिमा त्यसो हुन सकेन । शासनको व्यवस्थापकीय कमजोरी भनौं वा कानुनको अभावले यो अवस्था सिर्जना भएको देखियो । केन्द्रसित गुहार माग्ने मुख्यमन्त्रीभन्दा गाउँ, नगर तथा महानगरप्रमुख नै शक्तिशाली बनेर देखियो । नगर प्रमुखले संघ र प्रदेशका मन्त्री, मुख्यमन्त्री तथा प्रधानमन्त्रीले भनेको समेत टेर्दैनन् । यो व्यवस्थाका पक्षमा हाम्रो शासकीय पद्धति थियो र ? यही अवस्थाको सिर्जनाका लागि गणतन्त्र हामीले ल्याएका थियौं र ? आजको नेपालको शासन व्यवस्थामा सबैभन्दा कमजोर प्रदेश सरकार रहेको तथ्यलाई नकार्न सकिँदैन । संघीय शासन पद्धतिमा परिवर्तन आउँदासाथ परिवर्तनको अपेक्षा गर्ने राजनीतिक दल तथा तिनका कार्यकर्ताबाट नै प्रदेश सरकार कमजोर बनेको देखिन्छ । संघको परिवर्तनले प्रदेशलाई समेत अस्थिरताको भुमरीमा पारेको देखियो । निरन्तर सरकारमा आएको परिवर्तनले जुन किसिमको अस्थिरता नेपाली राजनीतिमा देखियो त्यसले गणतन्त्रप्रतिको विश्वास नै कमजोर बनाएको पाइन्छ । कमजोर प्रदेश सरकार आजको गणतन्त्रको आधार हो र ? शक्तिशाली गणतन्त्र र तीन तहका सरकारको व्यवस्थापन गर्न हाम्रा देशको राजनीति कमजोर बनेको हो भने त्यसमा नेपाली राजनीति सच्चिनु आवश्यक मानिन्छ । प्रदेश सरकार यति कमजोर हुनुमा कानुनी अड्चन हो भने त्यसलाई फुकाउनु केन्द्रको मूल मान्यता हो । केन्द्र प्रदेशलाई अधिकार सम्पन्न बनाउन चाहँदैन भने प्रदेशको आवश्यकता यस मुलुकलाई छैन भन्ने तर्कलाई प्रमाणित गर्दैन र ?

संविधान परिवर्तनशील दस्तावेज हो । संसारका कुनै पनि देशको संविधान र संविधानका धाराहरू अपरिवर्तननीय होइनन् । परिवर्तन समयसापेक्ष हुनु अनिवार्य मानिएको हुन्छ । नेपालमा २०७२ सालमा आएको संविधानले केही कुरामा आफूलाई कमजोर बनाएको अनुभव नेपालीले गरे । नेपालको गणतन्त्रका सबैभन्दा कमजोर पक्ष प्रदेश सरकार र समानुपातिक निर्वाचन प्रणाली हो । नेपालका प्रदेश सरकार आफैमा निर्णय गर्न नसक्ने र संघका नेताको चाकरीका भरमा चलेका छन् । संघका नेतालाई नरिझाएसम्म केही पनि पाउन सक्ने अवस्था प्रदेशका सरकारमा देखिएन । त्यसैले नेपालको गणतन्त्रलाई स्थानीय सरकार तथा संघीय सरकारका रूपमा सञ्चालनमा ल्याउँदा उपयुक्त देखिने आधार आजसम्मको राजनीतिक अवस्थाले देखयो । संविधानमा आएको अड्चनलाई हटाएर प्रदेशलाई खारेज गरौं । स्थानीयतहका सरकार बलवान् छन् । कहिलेकाँही त संघीय सरकारका प्रमुख र मन्त्रीसित पैठाजोरी खेल्ने हैसियत राखेका हुन्छन् । समानुपातिक निर्वाचन प्रणाली रहेसम्म नेपालको राजनीतिमा कसैको पनि बहुमत आउने अवस्था देखिँदैन ।

समानुपातिक प्रणालीबाट आएका सभासद खासै सबल पनि देखिएका छैनन् । जनतामा समानुपातिकबाट आएको सभासदप्रति सहज व्यवस्थापकीय अवस्था पनि देखिएको छैन । यो निर्वाचन पद्धतिको अन्त्य भयो भनेमात्र कुनै एकपार्टीको बहुमत आउने अवस्था देखिन्छ । यो अवस्था आयो भनेमात्र देशको राजनीति स्थिर बन्न सक्ने आधारहरू देखिए । त्यसैले नेपाली जनताले विश्वास गर्ने गणतन्त्रको आवश्यकता देखियो । अहिलेको गणतन्त्र नेपालका राजनीतिक पार्टी र तिनका कार्यकर्ताको मात्र देखिएको पाइन्छ । महाभारतकालीन गणतन्त्रलाई जीवन्त बनाउने गणतन्त्रको आवश्यकतालाई आजको नेपालीले चाहेका राजनीतिक पद्धति हो ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ समाचार सुन्न पाइएला । नयाँ कार्यको थालनी हुनसक्छ । | **तुला** : सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : मंगल कार्यको योगछ । चिन्ता छाडेर कर्म गर्नाले राम्रो फल मिल्नेछ । | **वृश्चिक** : धुम्रपान र मद्यपानबाट टाढै रहनु होला । कार्यमा बाधा आउनेछ । |
| **मिथुन** : चुनौतीको सामना गर्नुपर्ला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । | **धनु** : वैदेशिक क्षेत्रको काम अघी बढ्ने छ । कुटुम्बको सहयोग पनि मिल्नेछ । |
| **कर्कट** : संघर्ष गर्नु पर्ला । छटपटी बढ्नाले मन कमजोर रहला । | **मकर** : वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । पढाइमा प्रगति हुनेछ । |
| **सिंह** : विशिष्ट व्यक्तिको सहयोग पाईनेछ। व्यापारमा सफलता मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मनलाग्नेछ । रोकिएको कामले फाइदा हुनेछ । |
| **कन्या** : कामहरू अगाडी बढ्नेछन् । दिनको उत्तरार्ध सुखद् रहनेछ । | **मीन** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |

## विज्ञान/सूचना प्रविधि

# ग्यालेक्सी एस २४ एफई नेपालमा सार्वजनिक



सामसङ नेपालले नेपालमा ग्यालेक्सी एस२४ एफई सार्वजनिक गरेको छ । ग्यालेक्सी एआईको पछिल्लो संस्करणसहित सार्वजनिक भएको फोनले थप प्रयोगकर्तालाई प्रिमियम मोबाइल अनुभव प्राप्त हुने कम्पनीले बताएको छ ।

एआईमा आधारित प्रोभ्युजुअल इन्जिन एन्ड ग्यालेक्सी एआईको फोटो फोटो असिस्ट फिचरले फोनमा परस्कृत क्यामेरा र थप क्रियटिभिटी उपलब्भ एको कम्पनीले जनाएको छ । ६.७ इञ्चको डाइनामिक अमोलेड टूएक्स डिस्प्ले रहेको फोन गेमिंगका लागि उत्कृष्ट रहेको कम्पनीको भनाइ छ । ४७०० एएएचको ब्याट्रीसँगै फोनमा एक्जिनोस २४००ई सिरिजको चिपसेट छ ।


आइकोनिक डिजाइनसहितको फोन सामसङ नक्स सेक्युरिटीबाट सुरक्षित छ । ५० मेगापिक्सेलको मुख्य क्यामेरा, ८ मेगापिक्सेलको टेलिफोटो र १० मेगापिक्सेलको सेल्फी क्यामेरा रहेको फोनमा एआईसहितको क्यामेरा र इडिटिंग सुविधा उपलब्ध भएको छ । जसमा जेनरेटिभ इडिट, पोट्रेट स्टुडियो, इडिट सजेसन र इन्स्टान्ट स्लो मोसनसहित सुविधा छ ।

एक्जिनोस चिपसेटले रे ट्रासिंग जस्ता फिचरसहितको गेमिंग अनुभव दिने कम्पनीको भनाइ छ । फोनको १.१ एक्स ठूलो भेपर च्याम्बरले कुलिंगमा मद्दत गर्छ । यसबाहेक एडभान्स एआई अनुभवसहितको ग्यालेक्सी एस२४ एफईमा सर्कल टु सर्च अर्थात् फोनमा गोलो गरेर गुगल सर्च गर्न सकिने, तत्काल फोन कल ट्रान्सलेट गर्न सकिने, अनुवाद गर्न सक्ने, ईमेलल कम्पोज गर्न मद्दत गर्ने र नोट बनाउनमा समेत मद्दत गर्ने जस्ता फिचर छन् ।

९४ हजार ९९ रुपैयाँदेखि उपलब्ध फोन किन्न कम्पनीले इन्स्टा फाइनान्स सुविधा पनि उपलब्ध रहेको बताएको छ । यस्तै ३ हजार रुपैयाँ बोनससहित फोन साँट्न मिल्ने सुविधा समेत रहेको कम्प्नीले जनाएको छ ।

*-बाह्रखरी डटकम*

# लेनोभोको ल्याप्टप नेपाली बजारमा, के छन् अरु विशेषता



के तपाईं दुईवटा स्क्रिन भएको ल्यापटप चलाउन चाहनुहुन्छ ? यदि ल्यापटप प्रयोगको अनुभूतिलाई नयाँ उचाइमा पुऱ्याउन चाहनुहुन्छ भने लेनोभोको डुअल स्क्रिनयुक्त योगा बुक ९ आई तपाईंका लागि पहिलो रोजाइ बन्नेछ ।

ल्यापटपको बजारमा विश्वकै पहिलो पूर्ण डुअल स्क्रिन ओएलइडी ल्यापटप हो, लेनोभो योगा बुक ९ आई । यो मल्डीमोड ल्यापटपमा दुईवटा १३.३ इन्चका टचस्क्रिन डिस्प्ले रहेका छन् । वास्तवमा यो ल्यापटपको अगाडिको भाग पूर्णरुपमै दर्शनीय छ । अर्थात् यसमा कुनै भौतिक किबोर्ड वा ट्र्याकप्याड छैन । केवल दुईवटा १३.३ इन्चका स्क्रिनहरु एक आपसमा जोडिएका छन् । दुवै डिस्प्ले २.८ के रिजोलुसनयुक्त रहेका छन् ।

योगा बुक ९ आईका दुईवटा स्क्रिनलाई बीचमा एउटा कब्जाले जोडिएको छ, जसले गर्दा यो फोल्डेबल ल्यापटप भन्दा फरक छ । साथै यसलाई ट्याबलेट मोडमा पनि चलाउन सकिन्छ । अनि अन्य ल्यापटप जस्तै एउटै स्क्रिनमा मात्रै पनि प्रयोग गर्न सकिन्छ । यसका लागि तपाईंले तल्लो स्क्रिनलाई भर्चुअल किबोर्ड तथा ट्र्याकप्याडमा परिणत गर्न सक्नुहुन्छ । त्यसैगरी यदि तपाईंले भौतिक किबोर्ड नै प्रयोग गर्न चाहनुहुन्छ भने ब्लुटुथबाट जोडिने किबोर्ड पनि प्रयोग गर्न सक्नुहुन्छ । यो ल्यापटपको डुअल स्क्रिनमा तपाईंले धेरैकुराको मज्जा लिन सक्नुहुन्छ । एउटा स्क्रिनमा भिडियो हेर्दै अर्को स्क्रिनमा त्यसको टिपोट गर्न सक्नुहुन्छ । साथै एउटा स्क्रिनमा पावर प्वाइन्ट प्रिजेन्टेसन देखाएर अर्को स्क्रिनमा त्यसलाई चलाउने वा नोट राख्ने गर्न सकिन्छ । दुबै स्क्रिनले स्टाइलस अर्थात् पेन पनि सपोर्ट गर्दछन् । जसले गर्दा स्क्रिनमा केही टिपोट गर्न झनै सजिलो हुन्छ । यसमा डुअल स्क्रिनको मज्जा लिनका लागि ल्यापटपका स्क्रिनलाई ठाडो गरेर वा दायाँबायाँ हुनेगरी राख्न सकिन्छ ।

ठाडो राख्नका लागि ल्यापटपसँगै स्ट्याण्ड पनि उपलब्ध छ । यो ल्यापटपमा १३ औं जेनेरेसनको इन्टेल यु सिरिज प्रोसेसर राखिएको छ जसमा खासगरी Core i7–1355U तथा Core i5–1335U रहेको छ । यी दुवै १५ वाट TDP प्रोसेसर हुन्छ जसमा ८ पर्फमेन्स कोर र २ इफिसेन्सी कोर रहन्छन् । यसमा Intel Iris Xe Graphics रहेको छ । यो ल्यापटपमा १ टेराबाइट सम्मको स्टोरेज र १६ जिबीको र्याम उपलब्ध छ । यसमा रहेको शक्तिशाली ब्याट्रीले एकपटक पूरा चार्ज गरेपछि दुवै स्क्रिनमा १० घण्टासम्म भिडियो चलाउन सकिन्छ ।

यो ल्यापटपमा तीनवटा युएसबी टाइप सी थन्डरबोल्ट पोर्ट रहेका छन् । त्यस्तै वायरलेस कनेक्टिभिटीको कुरा गर्दा WiFi 6E र ब्लुटुथ ५.२ सपोर्ट रहेको छ । यसमा Full HD वेबक्याम रहेको छ जसमा आइआर सेन्सर र प्राइभेसी शटर रहेको छ । साथै साउण्डको कुरा गर्दा यसमा दुईवटा टु वे स्पीकर रहेका छन् । यो ल्यापटपको वजन चाहिं जम्माजम्मी १.३८ केजी रहेको छ । लेनोभो ब्राण्डका ल्यापटपको आधिकारिक बिक्रेता मेगाटेक ग्रुपले योगाबुक ९ आई लाई हाल चाडपर्वको अवसरमा विशेष छुटसहित उपलब्ध गराएको छ ।

*-अनलाइनखबर डटकम*

# मानवीय जनशक्ति विस्थापित गर्दै एआई



आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले बैंकिङ र वित्तदेखि फिल्म र पत्रकारितासम्मका उद्योगहरूलाई व्यापक चुनौती थपिदिएको छ । वैज्ञानिकहरूले एआईले आफ्नो क्षेत्रमा कसरी क्रान्ति ल्याउन सक्छ वा नोबेल पुरस्कार पनि जित्न सक्छ कि भनेर अनुसन्धान गरिरहेका छन् ।

सन् २०२१ मा जापानी वैज्ञानिक हिरोकी किटानोले 'नोबल ट्युरिङ च्यालेन्ज' को प्रस्ताव गर्दै अनुसन्धानकर्ताहरूलाई सन् २०५० सम्ममा नोबेल पुरस्कारका लागि योग्य अनुसन्धान गर्न सक्षम 'एआई वैज्ञानिक' निर्माण गर्न आमन्त्रण गरेका थिए । केही वैज्ञानिकहरू पहिले नै नोबेलको योग्य एआई सहकर्मी सिर्जना गर्न कडा मेहनत गरिरहेका छन्, यस वर्षको पुरस्कार विजेताहरू अक्टोबर ७ देखि १४ को बीचमा घोषणा गरिनेछ । स्वीडेनको चाल्मर्स युनिभर्सिटीमा मेशिन इन्टेलिजेन्सका प्राध्यापक रोस किङका अनुसार वास्तवमा विश्वभर करिब १०० जना 'रोबोट वैज्ञानिक' छन् ।

सन् २००९ मा किङले एक अनुसन्धान पत्र प्रकाशित गर्दै उनी र उनका सहकर्मीहरूको एक समूहले स्वतन्त्र रूपमा वैज्ञानिक खोजहरू गर्ने पहिलो मेशिन 'रोबोट साइन्टिस्ट एडम' सार्वजनिक गरेका थिए । 'हामीले एउटा रोबोट निर्माण गऱ्यौं जसले आफैंले नयाँ विज्ञान पत्ता लगायो, नयाँ वैज्ञानिक विचारहरू सिर्जना गऱ्यो र तिनीहरूको परीक्षण गऱ्यो र ती सही थिए भन्ने पुष्टि पनि गऱ्यो,' किङले एएफपीसँग भनेका छन् । त्यो रोबोट स्वायत्त रूपमा परिकल्पनाहरू स्थापित गर्न बनाइएको थियो । त्यसपछि यो परीक्षण गर्ने प्रयोगका लागि बनाइयो । यी प्रयोगशाला रोबोटहरूलाई प्रक्रियागत रूपमा सिक्न र दोहोऱ्याउने प्रयोगका कार्यक्रम निर्माणका लागि थियो ।

**'उपलब्धि सामान्य भएपनि तुच्छ होइनन्'**

'आदम' लाई खमीरको भित्री कार्यहरू अन्वेषण गर्ने जिम्मा दिइएको थियो र यसले पहिले जीवमा भएको जानकारीमा नआएका 'जिनको कार्यहरू' पत्ता लगायो । रोबोट वैज्ञानिकका निर्माताहरूले आफ्ना प्रस्तुतिमा खोजहरू 'सामान्य' भएपनि तिनीहरू 'तुच्छ' थिएनन् भन्ने दाबी गरेका थिए। पछि, मलेरिया र अन्य उष्णकटिबन्धीय रोगहरूको लागि औषधीय स्रोतहरूको अध्ययन गर्न 'इभ' नामक दोस्रो रोबोट वैज्ञानिकको स्थापना गरिएको थियो । किङका अनुसार अनुसन्धान र निचोड निकाल्न यस पहिलेका रोबोट वैज्ञानिकहरू नै औसत मानव वैज्ञानिकभन्दा धेरै अगाडि छन् । 'रोबोट वैज्ञानिक खोजी गर्न कम पैसा लाग्ने हुन्छन् । उनीहरू २४ सै घण्टा काम गर्छन्', उनले भने, 'उनीहरू प्रक्रियाको हरेक विवरण रेकर्ड गर्न पनि बढी लगनशील छन्।'

**एआई पुरस्कारका लागि धेरै टाढा**

नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीका एसोसिएट प्रोफेसर इन्गा स्ट्रम्केले तत्कालका लागि वैज्ञानिक पेशा सुरक्षित रहेको बताए । एएफपीसँग उनले भनेका छन्, 'वैज्ञानिक परम्परा चाँडै नै मेशिनले कब्जामा लिन सक्ने अवस्थामा छैन ।'

'यद्यपि, यसको मतलब यो 'असम्भव छ' भन्ने होइन, यो 'निश्चित रूपमा' स्पष्ट छ कि एआईको विकास भइरहेको छ र विज्ञान कसरी सञ्चालन गरिन्छ भन्नेमा प्रभाव पर्नेछ।' यो पहिले नै कसरी प्रयोगमा छ भन्ने एक उदाहरण गुगल डीपमाइन्डद्वारा विकसित एआई मोडेल अल्फाफोल्ड हो । यो उनीहरूको एमिनो एसिडको आधारमा प्रोटीनको त्रि-आयामी संरचनाको भविष्यवाणी गर्न प्रयोग गरिन्छ । 'हामीलाई थाहा थियो कि एमिनो एसिड र प्रोटीनको अन्तिम त्रि-आयामी आकारबीच केही सम्बन्ध छ र त्यसपछि हामी यसलाई पत्ता लगाउन मेशिनको सिकाइ प्रयोग गर्न सक्दछौं,' स्ट्रम्केले भने । उनले यस्ता गणनाहरूको जटिलता मानिसका लागि असाध्यै गाह्रो भएको बताए। उनले भने, 'हामीसँग यस्तो उपकरण छ, जसले कुनै पनि मानिसले गर्न नसक्ने काम गरेको छ ।' स्ट्रमकेका अनुसार, एकै समयमा, अल्फाफोल्डको मामलाले हालको एआई मोडेलहरू जस्तै तथाकथित तन्त्रिका नेटवर्कको कमजोरीहरूमध्ये एक पनि प्रदर्शन गर्दछ। 'तिनीहरू ठूलो मात्रामा जानकारी संकलन गर्न र जवाफको साथ आउनमा धेरै निपुण छन्, तर त्यो उत्तर किन सही छ भनेर व्याख्या गर्न तिनीहरूको ज्ञान धेरै राम्रो छैन ।'

त्यसैले अल्फाफोल्डले भविष्यवाणी गरेको २० करोडभन्दा बढी प्रोटिन संरचना 'अत्यन्त उपयोगी' भए पनि यसले हामीलाई माइक्रोबायोलोजीबारे केही पनि सिकाउँदैन,' स्ट्रम्केले भने।

**एआईद्वारा सहायता प्राप्त**

स्ट्रम्केका विचारमा विज्ञानले ब्रह्माण्डलाई बुझ्न खोज्छ तर यो केवल 'सही अनुमान लगाउने' बारेमा मात्र होइन । तैपनि, अल्फाफोल्डले गरेको अभूतपूर्व कार्यले विज्ञहरूलाई नोबेल पुरस्कारका लागि अग्रपङ्क्तिमा उभ्याएको छ । गुगल डीपमाइन्डका निर्देशक जोन जम्पर र प्रमुख कार्यकारी अधिकृत तथा सहसंस्थापक डेमिस हसाबिस सन् २०२३ मा प्रतिष्ठित लस्कर अवार्डबाट सम्मानित भइसकेका छन् । सन् २०२४ मा हुने रसायनशास्त्रको नोबेल पुरस्कारका लागि यो जोडीलाई शीर्ष स्थानमा राखिएको एनालिटिक्स समूह क्लेरिभेटले अक्टोबर ९ मा घोषणा गरेको थियो । अनुसन्धान समूहका प्रमुख डेभिड पेन्डलबरीका अनुसार सन् २०२१ मा जम्पर र हसाबिसको एउटा शोधपत्रलाई हजारौं पटक उद्धृत गरिएको भए तापनि नोबेल जुरीले प्रकाशनपछि यति छिट्टै उक्त कामलाई पुरस्कार दिनु अस्वाभाविक हुनेछ । साथै, एआईद्वारा सहायता प्राप्त अनुसन्धानले सबैभन्दा प्रतिष्ठित विज्ञान पुरस्कारहरू जित्न धेरै समय लाग्ने छैन भन्ने विश्वास पेन्डलबरीको रहेको छ । पेन्डलबरीले एएफपीसँग भनेका छन्, 'आजकल अधिक आर्टिफिसियल इन्टेलिजेन्सको विकास भइरहेको छ । वैज्ञानिक गणनाका लागि तिनीहरूको अधिक प्रयोग भएको छ । अर्को दशकभित्र नोबेल पुरस्कारहरूका लागि एआइको दाबी रहनेछ भन्नेमा मलाई विश्वास लाग्छ ।' *-रातोपाटी डटकम*

# एआई शैक्षिक कार्यक्रम सञ्चालन हुँदै

डिजिटल एण्ड विओण्डले नेपालका कक्षा कोठामा नयाँप्रविधि ल्याउन रास्पबेरी पाई फाउन्डेशनसँग सम्झौता गरेको छ। नेपालका शिक्षक तथा विद्यार्थीहरुलाई एआईका नवप्रवर्तकको अर्को पुस्ताको सिप सिकाउने उदेश्य अनुसार दुई कम्पनीबीच सम्झौता भएको हो । सम्झौता अनुसार नेपालका युवाहरुलाई भविष्यमा प्रविधि विशेषज्ञ बन्ने अवसर समेत प्रदान गरिने छ । जसका संयुक्त रुपमा एआई साक्षरतासम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने बताइएको छ । एक्सप्रेन्स एआई, रास्पबेरी पाई फाउन्डेशन गुगल डिपमाइन्टद्वारा संयुक्त रुपमा विकसित गरिएको कार्यक्रमले नेपालको सिप विकासमा ठूलो प्रभाव पार्ने छ । एआई साक्षरता कार्यक्रममाले ११ देखि १४ वर्ष उमेर समूहका विद्यार्थीलाई एआईको आधारभतू कुरा र एआई प्रणालीका आलोचनात्मक उपभोक्ता र जिम्मेवार सिर्जना कर्ता बन्न सहयोग पुग्ने विश्वास कम्पनीको छ । एआई साक्षरताले करिअरका विभिन्न अबसरहरु सिर्जना गर्नुको साथै चुनौतीहरुको सामना गर्न समेत सहयोग पुग्ने कार्यक्रममा सञ्चालकको दाबी छ ।

**एक्सप्रेन्स एआई कस्तो कार्यक्रम हो?**

यो कार्यक्रममा गुगलद्वारा रास्पबेरी पाई फाउन्डेशनलाई एआई साक्षरता सम्बन्धी कक्षा सञ्चालन गर्न दिएको कोषबाट सञ्चालित विश्वव्यापी कार्यक्रम हो । यो कार्यक्रममा पठनपाठनका लागि रास्पबेरी पाई फाउन्डेशन र गुगल डिपमाइन्डले साझेदारीमा तयार गरेका हुन् ।

**एक्सप्रेन्स एआईले कसरी गर्छ काम?**

यस कार्यक्रममा सहभागी हुन शिक्षकहरुलाई खुल्ला आब्हान गरिने छ । प्रथम चरणमा छानिएका शिक्षकहरुलाई सात घण्टे तालिम दिइने छ । शिक्षकको सिकाई अनुरुप यही कार्यक्रम विद्यार्थीसम्म लगिने छ ।

**एक्सप्रेन्स एआई कार्यक्रम कस्का लागि हो ?**

यो कार्यक्रम शिक्षक र ११ देखि १४ वर्ष उ मेर समूहका विद्यार्थीका लागि तयार गरिएको एआई साक्षरता कार्यक्रम हो ।

**कसरी सहभागी हुने ?**

यस कार्यक्रममा सहभागी हुने शिक्षकहरुलाई मंसिर पहिलो हप्ता अफिसियल लन्च कार्यक्रम मार्फत आब्हान गरिने छ । प्रत्येक कार्यक्रमका समाचारहरु संस्थाको बेवसाइट र फेसबुकमा राखिने छ । त्यसबाट पनि थप जानकारी लिन सकिने छ ।

*-इहिमालय टाइम्स डटकम*

# टी-२० क्रिकेट : अमेरिकाविरुद्ध नेपालको शानदार जित




**सविन भट्टराई**

**पाल्पा,** कार्तिक ५/नेपालले टी-२० आई सिरिजमा अमेरिकाविरुद्ध शानदार जित हात पारेको छ । उसले तीन खेलको टी-२० अन्तर्राष्ट्रिय शृंखलामा सोमबार अमेरिकामाथि ऐतिहासिक 'क्लिन स्विप' गर्दै शानदार जित हात पारेको हो ।

पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेटमा एकपछि अर्को उत्कृष्ट नतिजा निकाल्दै आएको अमेरिका नेपाल समक्ष सिरिजका तीनै खेलमा पराजित भयो । डलासमा भएको अन्तिम खेलमा नेपालले अमेरिकालाई आठ विकेटले पराजित गर्‍यो । सुरुवाती दुई खेल जितेर नेपालले यसअघि नै सिरिजमाथि कब्जा गरिसकेको थियो ।

अमेरिकाले नेपालसामु जितका लागि १ सय ५७ रनको लक्ष्य प्रस्तुत गरेको थियो र त्यसलाई नेपालले १८.४ ओभरमा दुई विकेट गुमाएर पूरा गरेको थियो । नेपालका लागि कुशल भुर्तेलले ४० र कुशल मल्लले ४४ रन बनाए । उनीहरूले तेस्रो विकेटका लागि ७४ रनको निर्णायक र नटआउट साझेदारी गरे । नेपालले पहिलो विकेटका लागि ३३ रन जोडेको थियो र अनिल साहले ११ बलमा १३ रन बनाए ।

उनी जसदीप सिंहको बलमा एलबीडब्लू धरासमा परे । त्यसपछि अर्का ओपनर आसिफ सेखले कुशल भुर्तेलसँग दोस्रो विकेटका लागि ५० रनको साझेदारी गरे । आसिफ ३९ बलमा ५० रन बनाएर जसदीपकै बलमा आउट भए । उनले ३९ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले पाँच विकेट गुमाएर १ सय ५६ रनको चुनौतीपूर्ण स्कोर खडा गरेको हो । स्कोरबोर्डमा सात रन मात्र छँदा पहिलो विकेट गुमाएको अमेरिकाका लागि ओपनर साइतेज मुकामलले सर्वाधिक ६८ रन बनाए र उनले नै टिमको इनिङ्स बुने । उनले ५१ बलको सामना गरेर पाँच चौका र दुई छक्का प्रहार गरे । उनी सोमपाल कामीको बलमा बोल्ड भए । अर्का ओपनर तथा कप्तान मोनान्क पटेल दुई रन बनाएर सोमपालकै बलमा एलबीडब्लू भएका थिए । यस्तै एन्ड्रेस गुस पनि दुई रन मात्र बनाएर रिजन ढकालको बलमा आउट भए ।

लगत्तै एरोन जोन्स १३ रन बनाएर ललित राजवंशीको बलमा पेभिलियन फर्के । सयन जहाँगीर नौ रन बनाए सोमपालकै शिकार बने । अमेरिकाका लागि अन्त्यतिर मिलिन्द कुमारले उपयोगी ४३ रन बनाए । उनले ३५ बलको मात्र सामना गरेर चार चौका प्रहार गरे । सोमपालको नाममा तीन विकेट रह्यो भने रिजन र ललितले एक/एक विकेट लिए । नेपालले पहिलो खेलमा अमेरिकालाई १७ रन र दोस्रो खेलमा सुपर ओभरमा रोमाञ्चक जित हात पारेको हो । .

## पाल्पामा खुला भलिबल...

...यसैगरी महिलातर्फ प्रथम पुरस्कार नगद ३० हजार कप, मेडल र प्रमाण, द्धितिय पुरस्कार नगर २० हजार कप, मेडल र प्रमाणपत्र, तृतिय पुरस्कार नगद १० हजार कप, मेडल र प्रमाणपत्र र सान्तवना पुरस्कार नगद ५ हजार कप, मेडल र प्रमाणपत्र वेष्ट प्लेयरलाई २ हजार, वेष्ट स्पाईकर १ हजार, वेष्ट डिफेन्सर १ हजार, वेष्ट सेटर १ हजार, वेष्ट सर्भर १ हजार, वेष्ट ब्लकर १ हजार पुरस्कार रहेको क्लवले जनाएको छ । प्रतियोगितामा क्लव दर्ता नि:शुल्क, खेलाडीहरुलाई खान बस्न नि:शुल्क व्यवस्था गरिएको आयोजकले जनाएको छ । क्लवले तानसेनमा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, खेलकुद पत्रकार मञ्च पाल्पाका अध्यक्ष माधव अर्याल लगायतले प्रतियोगिताले पाल्पामा खेलकुद पर्यटनको विकासमा बृद्धि हुने बताए । प्रतियोगिता सफल बनाउन सिङ्गो जिल्ला एकजुट भएर सहयोग गर्नुपर्नेमा दुबै वक्ताले जोड दिए । प्रतियोगितामा स्थानीय कलासंस्कृतिको प्रस्तुती, स्थानीय कौडा नाच, राष्ट्रिय कलाकारहरुको प्रस्तुति समेत रहेको आयोजकले जनाएको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१**

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाको **२३ औं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति:** २०८१/०८/०१
**स्थान:** बाल मन्दिर सभाहल, तानसेन, पाल्पा
**समय:** दिनको १२:३० बजे

अनुरोधक
मधु दयाल सैंजु
अध्यक्ष

श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन-३, पाल्पा
सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७५-५२२५४५

## खेलकुद समाचार

### श्रीलंकालाई हराउँदै भुटान सेमिफाइनल नजिक



**काठमाडौं,** कार्तिक ५/साफ वुमन्स च्याम्पियनसिप २०२४ अन्तर्गत समूह 'बी'को खेलमा भुटानले श्रीलंकालाई ४-१ ले पराजित गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार भएको खेलमा भुटानका लागि देकी लाजोमले दुई तथा दोर्जी एडेन र नामग्याल देमाले एक-एक गोल गरिन् ।

श्रीलंकाका लागि कप्तान थुशानी मधुशिकाले एक गोल फर्काइन् । पहिलो जितपछि भुटानले दुई खेलबाट ४ अंक जोडेको छ ।

**एन.ओ.सि हराएको सूचना**

मिति २०८१/०५/२५ गते तानसेनको गैरगाँउदेखि बिशाालबजार आउँने क्रममा बगनासकाली-९, चापपानी बस्ने अस्मिना थापाको No Objection certificate (NOC) हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।
**नाम :** अस्मिना थापा
**ठेगाना :** बगनासकाली-९, चापपानी
NOC.No : 7866169
**सम्पर्क नं. :** ९८२१९४४४७५, ९८००७३६३४५

**वर्गिकृत डिस्प्ले**
*१X ५ साइजमा मात्र*
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
**सम्पर्क: ०७५-५२०६०१**

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ बढेको बढ्यै



**पाल्पा,** कार्तिक ५/दसैंयता नेपाली बजारमा सुनको भाउ हरेक दिन बढेको बढ्यै छ । आइतबार १ लाख ६५ हजार रुपैयाँ पुगेको सुनको मूल्य सोमबार पनि बढेको छ । प्रतितोला ६ सयले बढेर स्थानीय बजारमा सुनको मूल्य हालसम्मकै उच्च भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार बढेर सुनको मूल्य प्रतितोला १ लाख ६५ हजार ६ सय रुपैयाँ पुगेको छ । आइतबारको तुलनामा सोमबार सुनको भाउ ६ सय रुपैयाँले बढेको हो । दसैं बिदापछिको पहिलो दिन असोज २९ गते १ लाख ६० हजार ५ सय रुपैयाँमा कारोबार भएको सुनको भाउमा लगातार रेकर्ड कायम भएको छ । असोज ३० गते १ लाख ६१ हजार ८ सय, कात्तिक १ गते १ लाख ६२ हजार ४ सय, कात्तिक २ गते १ लाख ६४ हजार ४ सय र कात्तिक ४ गते १ लाख ६५ हजार रुपैयाँ प्रतितोलामा सुनको कारोबार भएको थियो । त्यस्तै चाँदी पनि अहिलेसम्मकै महँगो भएको छ । सोमबार चाँदीको मूल्य प्रतितोला २ हजार ९५ रुपैयाँ पुगेको छ । आइतबार भने चाँदीको मूल्य २ हजार ७५ रुपैयाँ रहेको थियो । सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

**निमोनियाबाट बचौं र बचाऔं**

**फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:**

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरिर निलो हुने,

**यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा, त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई